मिति २०७९/०९/१८ गते सोमबारका दिन गोरखा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी श्री चित्राङ्गत वरालको अध्यक्षतामा जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) र स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) चलायमान बनाउने सम्वन्धमा देहायको उपस्थितिमा समन्वय बैठक बसी तपसिल बमोजिमका छलफल तथा निर्णयहरु गरियो।

**विशेष उपस्थति:**

| | | | |
|---|---|---|---|
| | श्री शंकरहरि आचार्य | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, गोरखा |

**उपस्थिति :**

| | | | |
|---|---|---|---|
| अध्यक्ष | श्री चित्राङ्गत वराल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, गोरखा |
| | श्री हेमराज विष्ट | प्र.से. | रिपुमर्दन गण, गोरखा |
| | श्री लिलाराज लामिछाने | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय, गोरखा |
| | श्री देव बहादुर कार्की | स.प्र.नि. | स.प्र. बल नेपाल २९ नं गुल्म हे.क्वा. गोरखा |
| | श्री सिता कडरीया | अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, गोरखा |
| | श्री ध्रुव प्रसाद घिमिरे | वातावरण अ. | गोरखा नगरपालिका, गोरखा |
| | श्री राजु थापा | स. हवल्दार | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, गोरखा |

## छलफल तथा निर्णयहरु :

**निर्णय नं. १ :**

गोरखा नगरपालिकाले संचालनमा ल्याउने लागेको स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) र जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) बिच सिधा संचार सम्पर्क स्थापित गर्ने । विपद्का घटना घट्नसाथ LEOC ले DEOC मा जानकारी गराउने।

**निर्णय नं. २ :**

विपद् पश्चात संकलन भएको क्षतिको विवरण स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गराई जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने।

**निर्णय नं. ३ :**

विपद्को घटना घट्नसक्ने सम्भावना देखिएमा स्थानीय सुरक्षा निकायलाई खबर गरी खोज तथा उद्धारमा सहजीकरण गर्न पालिकाले संचालनमा ल्याउन लागेको LEOC ले भुमिका निर्वाह गर्ने।

**निर्णय नं. ४ :**

स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) ले खोज, उद्धार, राहतका साथसाथै विपद् जोखिम न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रम संचालन गर्ने।

**निर्णय नं. ५ :**

स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समितिका बिचमा LEOC ले सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने।